# सानीभेरी बाल संरक्षण नीति २०७४

**प्रमाणीकरण मिति : २०७४/१२/१४**
**स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७४/.१२/२५**

**१.पृष्ठभुमिः** नेपाल सरकारले निर्माण गरेका बालबालीका सम्वन्धि बिभिन्न कानुन, निति, नियम, निर्देशिका अनुसार स्थानिय स्तरमा बालबालीकाहरुको संरक्षणका लागि बिभिन्न कार्यहरु गर्दै आईरहेका परिवेशमा रुकुम (पश्चिम) जिल्लाको सानीभेरी गाँऊपालिकामा अझै पनि बालबालीकाहरु संरक्षणको अभाव रहेको र उनिहरुलाई बालअधिकारको प्रत्याभुति गराउनका लागि बिशेष गरि जोखिममा परेका बालबालीकाहरुको संरक्षण र प्रवर्द्धन गराउनका लागि स्थानिय समुदायहरुको सवालहरुका आधारमा स्थानिय निति बनाउन आवश्यक परेकोले बालबालीकाहरुलाई हिँसा, दुर्व्यवहार, शोषण, भेदभाव, वेवास्ता, हेलचक्रयाई, बालविवाह बालश्रम, जस्ता क्षेत्रवाट संरक्षण गरि उनिहरुको बालअधिकार प्रत्याभुति गर्न आवश्यक ठानिएकाले यो बालसंरक्षण निति निर्माण गर्न लागिएको हो ।

सानीभेरी गाँउपालिकाले संस्थागत ढंगले नीतिगत तहबाटै गाँऊपालिका स्तरमा ब्याप्त बाल बिबाह, हिंसा, बालश्रम शोषण, बालबालिका ओसार प्रसार तथा बालयौन दुर्व्यवहार तथा दुर्व्यवहारबाट आईपर्ने समस्या र ति समस्याको रोकथाम र न्युनिकरण गर्ने बारेमा जानकारी राख्नु तथा निरन्तर रुपमा त्यस विरुद्ध काम गर्दै जानुपर्ने नितान्त आवश्यकता छ । तसर्थ सानीभेरी गाँऊपालिकाका सम्पुर्ण पदाधिकारी, गाँउसभाका सदस्यहरु , कर्मचारीहरु शिक्षक, सामाजिक कार्यकर्ता, लगायत सम्पुर्ण सरोकारवालाहरुद्धारा यस गाउँपालिकाका कुनै पनि व्यक्तिद्धारा कुनैपनि बेला कुनैपनि रुपले बालयौन दुर्व्यवहार तथा दुर्व्यवहार हुन सक्ने संभावित अवस्थाबारे चनाखो हुनु, कुनै घटना घटेमा त्यसको प्रतिवेदन कहाँ र कसलाई गर्ने तथा त्यस्तो अवस्थामा बालबालिकाहरुलाई कसरी सहयोग गर्ने र के कार्बाही गर्ने भन्ने सम्बन्धमा संस्था सजग हुनु जरुरी छ । यसका साथै बालबालिकाको सर्बाङ्गिण बिकासलाई ध्यानमा दिई बालमैत्री गाँऊपालिका निर्माणमा जोड दिन बाल सहभागिताको सुनिश्चितता गर्न गाँऊपालिकाले बिशेष ध्यान दिनु जरुरी छ ।

गाउँपालिकाका सम्पुर्ण पदाधिकारीहरु र नगरसभाका सदस्यहरु, तथा नगरपालिका भित्रका कर्मचारी तथा सामाजिक क्षेत्रमा काम गर्ने संघ संस्था भित्रै पनि बालबालिका प्रति दुर्व्यवहार हुन सक्छ भन्ने कुरा सधै सम्झन्छ । यस गाउँपालिकासंग कुनैपनि व्यक्तिले आफ्नो पद वा शक्तिको दुरुपयोग गरेर बालबालिका प्रति दुर्व्यवहार गर्न सग्दछ वा त्यस्ता घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न हुन सक्छ । त्यसैले कुनैपनि बेला बालबालिका उपर हुन सक्ने संभावित दुर्व्यवहारका घटनाप्रति सजग हुनुका साथै त्यस्ता खतरा रोक्नका लागि र बालसंरक्षणको प्रर्वद्धन गर्नका लागि सधै तयार छ । अतः बालबालिकाको सुरक्षा र संरक्षण प्रतिको प्रतिवद्धतालाई सुनिश्चित गर्न बालदुर्व्यवहार र बालसंरक्षणबारे सचेतना बढाउनको साथसाथै बालदुर्व्यवहार सम्बन्धि कुनैपनि सवाल उठाउने काममा महत्वपुर्ण भुमिका निवार्ह गर्नेछ ।

बालबालिकाहरुको संरक्षण गर्न र बालदुर्व्यवहारको रोकथाम गर्न सानीभेरी गाउँपालिकाका सम्पुर्ण पदाधिकारीहरु, गाउँसभाका सम्पुर्ण सदस्यहरु र यसका स्थानिय संरचनाहरु बिभिन्न बिभागहरु बिद्यालयहरु, स्वास्थ्य संस्थाहरु, नगर बालसंरक्षण समिति, वडा बालसंरक्षण समिति, बिद्यालय बालसंरक्षण समितिका सदस्य तथा बालबालीकाहरुका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायमा रही काम गर्ने कर्मचारीहरुले लगायत सवै सरोकारवालाहरुले यसको अनिवार्य पालन



नरबहादुर पुन
अध्यक्ष

गर्न पर्ने हुन्छ । बालबालिकाहरुको संरक्षण गर्नका लागि बनाइएका राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति वा सन्धिहरुमा गरिएको प्रतिवद्धता पुरा गर्नका लागि चालिने कदमहरुलाई यस बालसंरक्षण नीतिले सम्बोधन गर्दछ ।

## क) हामी के गर्छौ ?

बालबालिकाहरुलाई हिसा, दुर्व्यवहार, शोषण, भेदभावबाट संरक्षण दिने हाम्रो प्रतिवद्धता निम्नानुसारका उपायहरु अवलम्बन गरेर पुरा गर्नेछौ :

- **सानीभेरी गाउँपालिका भित्र** स्थानीय तहमा वालवालिका सम्बन्धी कार्यहरुको समन्वयको लागि निर्वाचित प्रतिनीधीहरुबाट एकजनालाई फोकल पर्सनको रुपमा जिम्मेवारी दिने, डेस्कको स्थापना गर्ने तथा कर्मचारीको व्यवस्था गर्नेछौं ।
- सानीभेरी गाउँपालिका भित्र काम गर्ने सरकारी तथा गैरसरकारी निकायका सबै कर्मचारी र पदाधिकारीहरु बालसंरक्षणका सवालहरु (हिंसा, दुर्व्यवहार शोषण भेदभाव, बालविवाहवाट) उत्पन्न हुने समस्या र बालबालिकामाथि हुनसक्ने खतराबारे सचेत हुने छन भन्ने कुरा हामी सुनिश्चित गर्नेछौ ।
- सानीभेरी गाउँपालिका भित्र बाल अधिकारको संरक्षणका लागी आबश्यक ब्यबस्था गर्न तथा बाल सहभागिता अभिबृद्धि गर्नका लागी बिभिन्न क्रियाकलापहरु सञ्चालन गर्न आबस्यक संयन्त्रहरु निर्माण तथा ब्यबस्थापन गर्न आबस्यक पहल गर्नेछौं ।
- सचेतना अभिवृद्धि गराएर समुदायमा ब्याप्त बिभिन्न कुसंस्कृति तथा नकारात्मक अभ्यासहरुको बिरुद्ध सकारात्मक, असल व्यवहारको माध्यमबाट कर्मचारी तथा सम्बन्धित सबैजनाले बालबालिकाप्रतिको खतरामा कमी ल्याउने छन् भनेर हामी सुनिश्चित गर्नेछौ ।
- बालबालिकाको संरक्षणको सम्बन्धमा चालिने कदम र प्रकृयाबारे पदाधिकारी तथा बालबालिकाहरुको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी नियकाहरुका कर्मचारी तथा अन्य सरोकारवालाहरु स्पष्ट रहने छन भनि सुनिश्चित गर्नेछौ ।
- बालबालिकाको संरक्षण संग सम्बन्धी उठाइएका समस्यालाई गम्भिर रुपमा लिइनेछ । र समस्यामा परेका वा जोखिममा रहेका बालबालिकाहरुको संरक्षण सुनिश्चित गर्न सकारात्मक कदम चालिनेछ ।
- बाल दुर्व्यवहारका घटना बाहिर ल्याउने जो कोहि व्यक्ति, घटना वा समस्याबाट प्रभावित बालबालिका वा कर्मचारी पदाधिकारी तथा सामाजिक कार्यकर्तालाई सहयोग पुराइनेछ ।
- बाल दुर्व्यवहारका घटनाको अनुसन्धान प्रक्रियालाई सहयोग गर्न आवश्यक सहयोग गरिनेछ र यसरी बालबालिकाहरुका सवालहरु उठाउदा बालबालिकाहरुको सर्वोत्तम हितको सिद्धान्तलाई मुख्य आधार मानिनेछ ।
- जोखिममा रहेका बालबालिकाहरुको संरक्षण र तत्काल राहत तथा पुर्नस्थापनाका लागी नगरपालिका र वडा स्तरमा आपतकालिन बाल उद्धारकोषको स्थापना र सञ्चालन गरी त्यसलाई निरन्तरता दिइने छ र यस सवालमा वकालत गर्न अभिभावक, आफन्त, समुदाय देखि राष्ट्रिय स्तर सम्मका बालबालिकासंग काम गर्ने सस्था वा निकाय, विशेष विशेषज्ञसंग समन्वय र सहकार्य गरेर काम गरिनेछ ।

नरबहादुर पुन
अध्यक्ष

- कार्यक्षेत्रमा रहेका हरेक निकाय, संस्था, संगठन, सञ्जाल र समुदायमा बालमैत्री व्यवहार वा कृयाकलाप गर्न सहजीकरण गर्ने प्रोत्साहन गरिनेछ ।

**ख) हाम्रा प्रतिवद्धता पुरा भएको कसरी सुनिश्चित गर्ने त ?**

- सानीभेरी गाँउपालिकाका बालबालीकाहरु सम्वन्धि काम गर्ने सरकारी तथा गैरसकारी संघ संस्थाका कर्मचारी नगर बालअधिकार संरक्षण तथा सर्म्वधन उपसमितिका, बिद्यालय तथा वडापालिका तथा गाँउपालिका स्तरका पदाधिकारीहरु, बिद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षकहरु, बालक्लवका पदाधिकारीहरु, सम्पुर्ण राजनैतिक दलका प्रतिनिधीहरुलाई बालसंरक्षण नीतिबारे जानकारी दिइनेछ ।
- सानीभेरी गाउँपालिकाका सवै पदाधिकारीहरु, गाँउसभाका सदस्यहरु यस गाउँपालिकामा क्रियाशिल रहेका सरकारी तथा गैरसरकारी निकायका प्रमुख, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरुले गाउँपालिकाद्धारा जारी गरिएको बालसंरक्षण सम्बन्धि आचारसंहितामा हस्ताक्षर गर्नेछन् र सोको पालना गर्नेछन् ।
- सानीभेरी गाँउपालिकाका सवै पदाधिकारीहरु र वडा पालिका सवै सदस्यहरु तथा अन्य पदाधिकारीहरुले बालसंरक्षण सम्बन्धिको आचारसंहिता पालना गर्नेछन र बालबालिकाहरुको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारीहरुले पालना गरे नगरेको अनुगमन गर्नेछन ।
- सानीभेरी गाउँपालिकामा क्रियाशिल राजनैतिक दलका प्रमुख, बालबालीकाहरुको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसकारी निकायमा काम गर्ने कर्मचारीहरु र गाउँपालिका सवै पदाधिकारीहरुले बालसंरक्षण नीतिको एक एक प्रति आफ्नो साथमा राख्नेछन ।
- गाउँपालिकाका बिभिन्न समितिहरु र विभागहरु निर्माण तथा गठन गर्दा सोमा रहने पदाधिकारी वा नियुक्ती हुने कर्मचारीलाई छनौट तथा जिम्मेवारी बाँडफाँटको क्रममा बालसंरक्षण नीतिलाई प्रमुख आधार बनाइनेछ ।
- कुनैपनि बालबालिकामाथि बालदुर्व्यवहार भएमा सोको सम्बन्धमा सुचना दिने प्रक्रियाबारे बालबालीकाहरुको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरुका कर्मचारी तथा यस उपसमितिका वडा तथा पालिका स्तरका पदाधिकारीहरुलाई जानकारी हुनेछ ।
- बालदुर्व्यवहारको घटना सुचित भएपछि आवश्यक छानविन गर्ने र सोको व्यवस्थापन गर्ने निश्चित संरचनाको स्थापना गरिनेछ ।
- यी प्रतिवद्धता सुनिश्चित गर्नका लागि आठविसकोट नगरपालिकाले बालसंरक्षणका सवालमा क्षमता वृद्धि गर्ने खालका तालिम, गोष्ठी र छलफल जस्ता कार्यक्रमहरुको आयोजना गर्ने, खोजी गर्ने र सहभागि गराउने जस्ता काम गर्नेछ ।
- यसै बालसंरक्षण नीतिको आधारमा गाउँपालिकामा रहेका समुदाय, विद्यालय, स्थानिय संस्थाहरु र बालबालिकासंग सम्बन्धित संस्थाहरुमा बालसंरक्षण नीति बनाउन सहजीकरण गर्ने ।

**२. बालसंरक्षण नीतिको लक्ष्य :**



नरबहादुर पुन
अध्यक्ष

- बाल संरक्षणको क्षेत्र र सवालमा आवस्यक पर्ने गाउँपालिका तथा वडा स्तरीय संरचनाहरुको निर्माण तथा परिचालन र व्यबस्थापन गर्ने ।
- नगरपालिका एबं वडा स्तरिय योजना निर्माण तथा कार्यान्वयनको प्रक्रियामा बाल सहभागिताको अभिबद्धि गर्ने साथै बालमैत्री वडा र गाउाँपालिका निर्माणमा जोड दिने ।
- बालबालिकालाई पर्ने खतरा र बालदुर्व्यवहार जन्य समस्याका बारेमा चेतना बढाउने ।
- बालबालिकालाई हिंसा, दुर्व्यवहार शोषण र बेवास्ताबाट संरक्षण दिन आबस्यक संरचना निर्माण गर्ने र उनिहरुसंग अझ प्रभावकारी ढंगले काम गर्न मार्ग निर्देशन गर्ने ।
- हिँसा, दुर्व्यवहार शोषण भेदभावमा परेका बालबालिकाको पुर्नस्थापनामा सहयोग गर्ने ।
- बालसंरक्षणको सवालमा सबै पदाधिकारीहरु बालबालीकाका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायका कर्मचारी र यस गाउँपालिकासंग सम्बन्धित सवै व्यक्तिहरुलाई सचेत र सजग बनाउने ।
- बालसंरक्षण नीति बनाउनका लागि अन्य संस्था वा निकायलाई सहजीकरण गर्ने । र बालसंरक्षण नितिको उल्लंघन हुन नदिनका लागि सहजीकरण गर्ने र उल्लंघन भएमा आवश्यक कारवाही गर्ने ।

## ३.बालसंरक्षण नीतिका क्षेत्रहरु

बालअधिकारको संरक्षण र प्रर्बद्धन गर्ने मूख्य दायित्व राज्यको भएको हुदाँ र सो कार्यलाई प्रभावकारी कार्यान्वियन गर्ने स्थानीय सरकार गाउपालिका र नगरपालिकाको भएकाले स्थानिय सरकारको रुपमा यस यो दस्तावेजमा संलग्न भएको नीतिले गाउँपालिकामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सर्म्पकमा आउने बालक वा बालिका जो दुर्व्यवहारमा पर्ने खतरामा छन् वा दुर्व्यवहारमा परेका छन उनिहरुप्रति पुर्ण जिम्मेवारी छ भनि व्याख्या गरेको छ । यस नीतिमा समावेश भएका निर्देशनहरु सानीभेरी गाउँपालिकाका सवै पदाधिकारीहरु, वडापालिकाका सवै पदाधिकारीहरु, कर्मचारीहरु सामाजिक कार्यकर्ताहरु , स्वयमसेवक, सदस्य वा संस्था प्रतिनिधिहरुलाई लागू हुनेछ । आफ्नो कार्यक्षेत्र वा सर्म्पक भन्दा बाहिरका बालबालिकाहरुका संरक्षणका सवाल पनि यो नीतिमा समावेश गरिएको छ । यस नीतिले बालबालिकालाई दुर्व्यवहारबाट संरक्षण दिनका लागि उचित व्यवहारको प्रदर्शन र आचारसंहिताको पालनाका सम्बन्धमा पनि निर्देशन दिएको छ । त्यसैले सानीभेरी गाउँपालिकामा काम गर्ने जो सुकैलाई पनि यो नीति उपलब्ध गराई कार्यान्वयनमा ल्याए नल्याएको अनुगमन गरिने छ । सानीभेरी गाउँपालिकामा रहेका बालबालिकाहरुको संरक्षणको अवस्था राम्रो भएको वा नभएको कुरा सुनिश्चित गर्नुपर्दछ ।

## ४) बालबालिकासंग काम गर्नका लागि मूल्य,मान्यता तथा सिद्धान्तहरु :

क) बालबालिकाको हितको संरक्षण गर्नका लागि काम गर्नु भनेको उनिहरुको अधिकारको प्रवर्द्धन गर्नु हो सानीभेरी गाउँपालिकाले बालबालिकाको अधिकार संरक्षण गर्नका लागि निम्न दायित्वमा विश्वास गर्दछ ।

- सानीभेरी गाँउपालिका भित्र नगरपालिका एबं वडा स्तरीय संरचनाहरुको निर्माण एबं परिचालन गरि बाल संरक्षणका सबै सवालहरुबाट बालबालिकाको संरक्षण एबं सम्बद्धन गरी बाल अधिकारको प्रत्याभुति गराउनुका साथै बालमैत्री गाउँपालिका निर्माणमा जोड दिनुपर्ने ।



नरबहादुर पुन
अध्यक्ष

- बालसंरक्षण कार्य यस गाउँपालिकामा काम गर्ने सरकारी तथा गैरसकारी निकायहरुका कर्मचारी तथा अन्य व्यक्तीहरुको पेशागत तथा नैतिक कर्तव्य हुन आउछ । उनिहरुको बाँच्न पाउने, बिकास हुन पाउने, सहभागीता हुन पाउने र संरक्षण हुन पाउने अधिकारलाई ध्यान दिनुपर्ने ।
- आफ्नै सांस्कृतिक, धार्मिक तथा जातिय परिप्रेक्ष्यमा बालबालिकाको मूल्यांकन, कदर तथा पहिचान गरिनुका साथै सम्भव भएसम्म परिवारमा नै उनिहरुको आवश्यकताको पहिचान गरि पुरा गरिनुपर्ने कुरामा जोड दिनुपर्ने ।
- बालबालिकाको कुरा सुन्नु तथा उनिहरुको दृष्टिकोणलाई ध्यानपुर्वक सोचिनुका साथै त्यसो गर्न अरुहरुलाई प्रोत्साहित गरिनु एवं बालबालिकासंग सरोकार राख्ने वा प्रत्यक्ष असर पार्ने निर्णयहरुमा सहभागी बनाइनु पर्ने ।

**५ ) गाउँपालिका स्तरमा बालअधिकार संरक्षण र प्रबर्द्धन गर्न तथा बाल बालसंरक्षण कार्यलाई प्रभाबकारी बनाउन निम्न अनुसारका संरचनाहरु निर्माण तथा ब्यबस्थापन गरिने छ ।**

## ५.१ गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको गठनः

(क) गाउँपालिका स्तरमा बाल अधिकारको प्रत्याभुति गराई बाल संरक्षणको सुनिश्चितता कायम गर्न तथा बालबालिकाहरुलाई बिभिन्न हिंसा, शोषण, र्व्यबहार र ब्यवास्ताहरुबाट सुरक्षित गराई बाल मैत्रि नुमना नगरपालिका निर्माणमा आबश्यक बिभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागी गाउँपालिका स्तरको भेला गराइ देहाय बमोजिमका प्रतिनिधि रहेको **१३ सदस्यीय नगर बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति गठन गर्नु पर्नेछ :-**

१. गाउँ पालिकाको प्रतिनिधि १ जना, सदस्य
२. गाउँ पालिकाका शिक्षकहरुमध्ये बाट २ जना , सदस्य
३. महिला स्वास्थ्य कार्यकर्ताहरु मध्येबाट २ जना , सदस्य
४. महिला कार्यकर्ताहरु मध्येबाट १ जना , सदस्य
५. बाल अधिकारकर्मी/नागरिक समाजका प्रतिनिधिहरु मध्येबाट २ जना ,– सदस्य
६. बाल क्लबका प्रतिनिधिहरु मध्ये १ जना बालिका सहित २ जना, – सदस्य
७. आदिवासी, जनजाति, महिला, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग र समुदायको यथासम्भव प्रतिनिधित्वहुने गरी ३ जना, – सदस्य

(क)यसरी गठित समितिले आफू मध्येका सदस्यहरुबाट समितिको संयोजक र सदस्य-सचिव चयन गर्नेछ । यदि विकासका साझेदार संस्था कार्यरत भएको गाँउपालिका भए सो संस्थाको प्रतिनिधि समितिमा स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गर्न समितिले आमन्त्रण गर्न सक्ने छ ।

(ख) विकासका साझेदार संस्थाको कुनै प्रतिनिधि उपलब्ध नभएमा पालिकास्तरीय भेलाले बालअधिकारको निम्ति कार्य गर्न सक्ने अन्य व्यक्तिको चयन गर्न सक्नेछ ।

### ५.१.१ नगर बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको काम, कर्तव्य र अधिकारः

गाँउ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) सम्बन्धित गाउँपालिकामा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र जिल्ला बालकल्याण समितिमा पेश गर्ने ।

(ख) नगर/वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बाल क्लब, मञ्च, समुह, बालसंरक्षण समिति, लगायतका निकायहरुको फेहरिस्त तयार गर्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार प्रबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने/गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी नेपाल सरकारका स्थानीय निकाय, अन्य सरकारी निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित कार्यक्रमको रेखदेख र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि गर्न जागरण सिर्जना गर्ने ।

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने । कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श गरी सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई सुझाव तथा निर्देशन दिने ।

(च) बालअधिकार हनन् भएका घटनाका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।



नरबहादुर पुन
अध्यक्ष

(छ) गाउँपालिका स्तरमा अति जोखिममा परेका र पर्नसक्ने बालबालिकाको निमित्त आकस्मिक बाल उद्धारकोषको ब्यवस्था गरी सो कोषबाट सहयोगको व्यवस्था मिलाउने र सेवा तथा श्रोतको नक्साँकन गरी सिफारिस प्रणालीको स्थापना गर्ने ।
(ज) बालसंरक्षणका विषयमा वकालत गर्ने र आवश्यकता अनुसार जिल्ला बालकल्याण समितिलाई बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन सहयोग गर्ने ।
(झ) नगरपालिका वा वडामा बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको भए त्यसको प्रगति गाउँपालिका र आबश्यकता भएमा जिल्ला बालकल्याण समितिमा पेश गर्ने ।
(ञ) गाउँपालिकाको न्यायिक समितिसँग समन्वय तथा सहकार्य गरी न्यायिक समितिले हेर्ने प्रकृतिका बाल अधिकार हनन् तथा दुर्व्यवहार सम्बन्धी मुद्दामा सहयोग गर्ने ।

**५.१.२. गाँउ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको वैठकसम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक कम्तीमा १ महिनाको एक पटक वस्नेछ ।
(ख) समितिको वैठकमा अन्य आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।
(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।
(घ) समितिको पुनर्गठन हरेक २ बर्षमा गरिने छ ।
(ङ) गाउँपालिका स्तरिय निर्देशक समितिले तोकी दिए बमोजिम समितिका सदस्यलाई बैठक भत्ता र खाजा खर्च गाउँपालिकाबाट प्रदान गर्न सकिने छ ।
(च) गाउँ स्तरमा गरेका कामको अभिलेख व्यवस्थित राख्न, निर्णय कार्यान्वयन गर्न, बालअधिकारको प्रवर्द्धन प्रभावकारी रुपमा कार्य गर्न आवश्यकता अनुसार गाउँपालिकाले कर्मचारी व्यवस्थापन गर्न सक्नेछ ।

## ५.२ वडा बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको गठनः

(क) वडा स्तरमा बाल अधिकारको प्रत्याभुति गराई बाल संरक्षणको सुनिश्चितता कायम गर्न तथा बालबालिकाहरुलाई बिभिन्न हिंसा, शोषण, र्व्यबहार र ब्यवास्ताहरुबाट सुरक्षित गराई बाल मैत्रि नुमना गाँऊपालिका निर्माणमा आबस्यक सहयोग पुर्‍यान बिभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागी वडा स्तरको भेला गराइ देहाय बमोजिमका प्रतिनिधि रहेको **९ सदस्यीय वडा बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति गठन हुने छन् :-**

१. वडा पालिकाको प्रतिनिधि १ जना, – सदस्य
२. वडा पालिका स्तरीय शिक्षकहरुमध्ये बाट १ जना , – सदस्य
३. महिला स्वास्थ्य कार्यकर्ताहरु मध्येबाट १ जना , सदस्य
४. महिला कार्यकर्ताहरु मध्येबाट १ जना , – सदस्य
५. बाल अधिकारकर्मी/नागरिक समाजका प्रतिनिधिहरु मध्येबाट १ जना , – सदस्य
६. बाल क्लबका प्रतिनिधिहरु मध्ये १ जना, – सदस्य
७. आदिवासी, जनजाति, महिला, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग र समुदायको यथा सम्भव प्रतिनिधित्व हुने गरी ३ जना, – सदस्य

(क) यसरी गठित समितिले आफू मध्येका सदस्यहरुबाट समितिको संयोजक र सदस्य-सचिव चयन गर्नेछ । यदि विकासका साझेदार संस्था कार्यरत भएको गाँऊपालिका/नगरपालिकाको वडा पालिका भए सो संस्थाको प्रतिनिधि समितिमा स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गर्न समितिले आमन्त्रण गर्न सक्ने छ ।
(ख) विकासका साझेदार संस्थाको कुनै प्रतिनिधि उपलब्ध नभएमा वडा स्तरिए भेलाले बालअधिकारको निम्ति कार्य गर्न सक्ने अन्य व्यक्तिको चयन गर्न सक्नेछ ।

**५.२.१. वडा बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको काम, कर्तव्य र अधिकारः**

वडा बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :
(क) सम्बन्धित वडामा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र गाँऊ तथा नगर बाल अधिकार संरक्षण र सम्बर्द्धन समितिमा पेश गर्ने ।
(ख) वडा स्तरमा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बाल क्लब, मञ्च, समुह, बालसंरक्षण समिति, लगायतका निकायहरुको फेहरिस्त तयार गर्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार प्रबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने/गराउने ।
(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी नेपाल सरकारका स्थानीय निकाय, अन्य सरकारी निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित कार्यक्रमको रेखदेख र निरीक्षण गर्ने ।
(घ) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त चेतना अभिबृद्धि गर्न जागरण सिर्जना गर्ने ।



नरबहादुर पुन
अध्यक्ष

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने । कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श गरी सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई सुझाव तथा निर्देशन दिने ।
(च) बालअधिकार हनन् भएका घटनाका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।
(छ) आवश्यकता अनुसार अति जोखिममा परेका र पर्नसक्ने बालबालिकाको निमित्त आकस्मिक बाल उद्धारकोषको ब्यबस्था गरी सो कोषबाट सहयोगको व्यवस्था मिलाउने र वडा स्तरमा सेवा तथा श्रोतहरुको नक्साँकन गरी सिफारिस प्रणालीको स्थापना गर्ने ।
(ज) बालसंरक्षणका विषयमा वकालत गर्ने र र आबस्यकता अनुसार  नगरपालिका स्तरीय बालसंरक्षण कार्यलाई प्रभावकारी बनाउन  नगर बाल अधिकार संरक्षण तथा सम्बर्द्धन समितिलाई सहयोग गर्ने ।
(झ) वडामा बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको भए त्यसको प्रगति नगरपालिकामा पेश गर्ने  ।

**५.२.२. वडा बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको वैठकसम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।
(ख) समितिको वैठकमा अन्य आवश्यक व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।
(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।
(घ) समितिको पुनर्गठन हरेक २ बर्षमा गरिने छ ।
(ङ) वडा कार्यालयले तोकी दिए बमोजिम समितिका सदस्यलाई बैठक भत्ता र खाजा खर्च वडा कार्यालयबाट प्रदान गर्न सकिने छ ।

**६ ) बालअधिकारको कदर होस भनेर नगर बालसंरक्षण समितिका पदाधिकारीहरुले  बालबालिकासंग सम्पर्कमा आउदा निम्न कुराहरु गर्नुपर्छ** :

- बालबालिकालाई सम्मानपुर्वक व्यवहार गर्ने तथा उनिहरुलाई अधिकार प्राप्त व्यक्तिको रुपमा मान्यता दिने
- उनिहरुलाई सकारात्मक दृष्टिले हेर्ने,तथा विशेष आवश्यकता भएका एंव अधिकार प्राप्त तथा फरक रुपमा योगदान दिन सक्ने व्यक्तिको रुपमा मान्यता दिने ।
- उनिहरुसंग आपसी विश्वास तथा सम्मानमा आधारित भएर सहयोग तथा सहभागिताको भावनाका साथ काम गर्ने
- उनिहरुको दृष्टिकोणलाई मान्यता दिई गम्भीर रुपमा लिने ,
- उनिहरुमा अर्न्तनिहित क्षमता तथा योग्यताको अभिवृद्धि तथा उनिहरुको क्षमता विकास गर्ने काम गर्ने,
- उनिहरुको बाचेकै परिवेशमा उनिहरुलाई बुझ्ने भरमग्दुर कोशिस गर्ने ,

**७) सानीभेरी गाउँपालिकाको बालसंरक्षण सम्बन्धि आचार संहिता :**

क) सानीभेरी गाउँपालिका  पदाधिकारीहरु तथा  बालबालिकाको सम्पर्कमा रहने कर्मचारी तथा अन्य व्यक्तिहरुले यो आचार संहिताको पालना र  निम्नानुसारका कामहरु अनिवार्य गर्नुपर्दछ :

- बालअधिकार भनेको के हो ?, बालबालिकाहरुको अधिकार र कर्तव्य के के हुन ? , के कस्तो कुरा वा व्यवहार राम्रो , के कस्तो कुरा वा व्यवहार नराम्रो हुन्छ भन्ने बारेमा जानकारी दिनका लागि बालबालिकाहरुसंग बसेर छलफल गर्ने र उनिहरुलाई महशुस गर्न सहयोग गर्नुपर्दछ ।
- बालबालिकाहरुसंग सम्बन्धित काम गर्दा वा उनिहरुसंग काम गर्दा सम्बन्धित कुराहरु छर्लगं वा प्रष्ट पारिदिनु पर्दछ ।
- बालबालिकाहरुसंग काम गर्दा कुनैपनि खतरा वा जोखिम कम हुने कार्यस्थलको छनोट गर्ने , कार्ययोजना बनाउने र व्यवस्थापन गर्ने काम गर्नुपर्दछ ।



नरबहादुर पुन
अध्यक्ष

- यदि कुनै योजना, कार्यक्रम वा क्रियाकलापले बालबालिकाहरुलाई जोखिममा पार्ने प्रबल संभावना छ भने उल्लेखित कुराहरु रोक्नुपर्दछ । त्यसका बारेमा बालबालिकाहरु र सम्बन्धित सरोकारवालाहरुलाई पुर्व जानकारी गराउनुपर्दछ ।
- यदि बालबालिका माथि कुनै पनि प्रकारको समस्या आईपरेमा त्यसको समाधानको लागि उनिहरु के चाहन्छन?, उनिहरु आफै के गर्न चाहन्छन ? र अरुबाट के कस्तो सहयोग चाहन्छन भन्ने बारेमा ति बालबालिकाहरुसंगै बसेर छलफल गर्ने र त्यहि अनुसारको सहयोग जुटाउन सहजीकरण गर्नुपर्दछ ।
- यौन दुर्व्यवहारबाट बच्न सकिने उपायहरु बालबालिकाहरुलाई सिकाउनुपर्दछ र यदि त्यस्ता घटनाहरु भईहालेमा रिर्पोटिङ गर्ने प्रक्रियाको बारेमा बालबालिकाहरु र तिनिहरुका अभिभावकलाई जानकारी दिनुपर्दछ ।
- बालबालिकाहरुले बाल दुर्व्यवहारको सम्बन्धि कुनैपनि सवाल उठाई छलफल गर्न सकिने खुल्ला र सहज वातावरण तयार पार्ने ।
- बालबालिकाहरुको पक्षमा निर्णय गर्दा , क्रियाकलाप गर्दा जहिलेपनि बालसंरक्षण र बालबालिकाहरुको सर्वोत्तम हितलाई ख्याल गर्नुपर्दछ ।
- बालबालिकाहरुसंग सम्बन्धित सुचनाहरु गोप्य राख्नुपर्दछ र उनिहरुसंग छलफल गरेर , त्यसको फाइदा र बेफाइदा केलाएर मात्र आवश्यकतानुसार आवश्यक व्यक्ति, निकाय वा संस्थाहरुलाई जानकारी दिनुपर्दछ ।
- बालबालिकाहरुसंग सम्बन्धित काम गर्दा योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, समिक्षा गर्ने र उपलब्धीको मापन गर्ने प्रकृयामा बालबालिकाहरुलाई सहभागि गराउनुपर्दछ ।
- बालबालिकाहरुलाई सकरात्मक काम गर्नका लागि उत्प्रेरणा मिल्ने, हौसला मिल्ने र खुसि लाग्ने व्यवहार वा कृयाकलाप गनुपर्दछ ।
- सबै बालबालिकाहरुलाई समान वा बराबर व्यवहार गर्नुपर्दछ ।
- यदि कसैले बालबालिकाहरुको संरक्षणमा बाधा पुराउने र उनिहरुलाई जोखिममा पार्ने काम गर्दैछ भने त्यस्ता कृयाकलापहरुलाई निरुत्साहित गर्नुपर्दछ ।

**८) सानीभेरी गाउँपालिका सम्पुर्ण पदाधिकारीहरु, कर्मचारीहरु र सामाजिक कार्यकर्ताहरुले गर्न नहुने कुराहरु :**

- ✓ बालबालिकालाई पिट्ने ,कुट्ने , शारीरिक वा मानसिक यातना दिने वा अन्य दुर्व्यवहार हुने खालको व्यवहार गर्नुहुदैन ।
- ✓ अरुबाट टाढा वा एक्लै राखेर कुनैपनि बालबालिकासंग चाहिने भन्दा बढि समय बिताउनु हुदैन
- ✓ बालबालिकाहरुसंग शारिरीक सम्बन्ध वा यौन सम्बन्ध राख्नुहुदैन ।
- ✓ बालबालिकाहरुलाई अप्ठेरो लाग्ने , मानसिक वा शारिरीक पीडा दिने किसिमका कुनैपनि यौनजन्य वा अन्य दुर्व्यवहार गर्नुहुदैन । यौन आशय बोकेका कुनैपनि भाषा प्रयोग गर्नुहुदैन ।
- ✓ बालबालिकाहरुलाई यौन इच्छा जगाउने वा यौन कृयाकलाप गर्न उत्प्रेरित गर्ने कुनैपनि व्यवहार गर्नु वा गर्न लगाउनु हुदैन
- ✓ बालबालिकाहरुलाई अश्लिल खालको फोटो, फिल्म, चित्र देखाउनु हुदैन ।



नरबहादुर पुन
अध्यक्ष

- ✓ बालबालिकाहरुलाई हिनताबोध हुने, नियास्रो लाग्ने, लज्जित बनाउने, मनोभावनामा चोट पुग्ने कुनैपनि कृयाकलाप, व्यवहार वा भाषा प्रयोग गर्नुहुदैन ।
- ✓ बिना संरक्षक बालबालिका ( विशेष बालिकालाई) राती बास बसाउनु हुदैन ।
- ✓ बालबालिकाहरुलाई दुर्व्यसनतिर वा कुलततिर उत्प्रेरित गर्ने खालको कृयाकलाप गर्नु वा गराउनु हुदैन ।
- ✓ बाल विवाहका भोज भतेर वा कार्यक्रममा संलग्न हुनु हुदैन ।
- ✓ बालबालिकाहरुलाई घरेलु श्रमिकको रुपमा राख्नुहुदैन यदि राखिन्छ भने जोखिम हुने खालको काममा लगाउने, उनिहरुको क्षमता भन्दा बढि काम लगाउने, विद्यालय नपठाउने, स्वास्थ्य स्थितिमा ख्याल नगर्ने जस्ता काम गर्नुहुदैन ।
- ✓ बालबालिकाहरुसंग सम्बन्धित सुचना वा जानकारीहरु उनिहरुको इच्छा र हित विपरीत बाहिर ल्याउनु हुदैन
- ✓ एक बालबालिकालाई अर्को बालबालिकासंग तुलना गरेर बोल्नु हुदैन ।
- ✓ बालबालिकाहरुलाई अपमानित गर्ने किसिमका उपनामहरु दिएर बोलाउनु हुदैन ।
- ✓ कुनै बालबालिकाहरुलाई विशेष स्नेह , माया देखाउने र कुनै बालबालिकाहरुलाई वेवास्ता गर्ने किसिमको व्यवहार वा भाषा प्रयोग गर्नु हुदैन ।
- ✓ बालबालिकाहरुले आफूलाई वा अरु बालबालिकाहरुलाई भएको दुर्व्यवहारको घटना बताउन लागेको बेला हास्ने वा भन्न रोकिदिने काम गर्नुहुदैन ।
- ✓ बालबालिकाहरुबाट हुनसक्ने गैह्रकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई प्रोत्साहित गर्नुहुदैन, बेवास्ता गर्नुहुदैन र त्यसमा सहभागि हुनुहुदैन ।
- ✓ बालबालिकाहरुको हित विपरीत हुने कुनैपनि निर्णय प्रकृयामा सहभागि हुनुहुदैन ।
- ✓ बालबालिकाहरुलाई जोखिममा पार्ने कुनैपनि कृयाकलाप वा व्यवहार गर्नुहुदैन ।

**९) बालबालिका माथि  सानीभेरी गाउँपालिकाका पदाधिकारीहरु वा कर्मचारीहरु र सामाजिक कार्यकर्ता मध्ये जो कसैलेपनि बालसंरक्षण नितिको उल्लंघन गरेमा**

- यदि कुनै पदाधिकारीहरु, कर्मचारीहरु र  सामाजिक कार्यकर्ताहरुले बालबालिकाहरुलाई यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनैपनि श्रोतबाट जानकारी भएमा सम्बन्धित कर्मचारीबाट सानीभेरी गाउँपालिकाले  स्पष्टीकरण लिनेछ र सचेत हुनका लागि लिखित पत्र दिइनेछ । तर घटना प्रमाणित भएको खण्डमा उनि बहाल रहेको  पदाधिकारी पदबाट निलम्बन गरिनेछ र कानुनी कार्बाहीका लागि  गाँउपालिकाले स्वयंमले प्रकिया अघि बढाउनेछ ।
- यदि कुनै पदाधिकारीले बालबालिकाहरुलाई यौन दुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनैपनि श्रोतबाट जानकारी भएमा सम्बन्धित पदाधिकारीबाट गाँउपालिकाले स्पष्टिकरण लिनेछ ।
- घटनाको प्रकृति हेरेर सामान्य दुर्व्यवहार भएको खण्डमा सचेत हुनका लागि सुझाव दिइनेछ । तर यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहारको जटिल घटना भएको प्रमाणित भएको खण्डमा गाउँपालिकाको वैठक वोलाई  बहाल रहेको पदबाट निलम्बन गरिनेछ, कानुनी कार्बाहीका लागि प्रकृया अगाडि बढाइनेछ।



नरबहादुर पुन
अध्यक्ष

**१०) यौनजन्य वा अन्य दुर्व्यवहारका घटनाहरुबारे सुनुवाई हुने प्रक्रिया :**

- यस गाउँपालिकाका पदाधिकारीहरु, कर्मचारीहरु, सामाजिक कार्यकर्ताले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा सम्बन्धित वडा अध्यक्षलाई जानकारी गराउनुपर्नेछ
- वडा अध्यक्षले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा गाउँपालिकाका उपाध्यक्षलाई जानकारी गराउनुपर्नेछ ।
- गाउँपालिकाका पदाधिकारीले यौन दुर्व्यवहार वा अन्य दुर्व्यवहार गरेको अवस्थामा गाउँपालिकाका प्रमुखलाई जानकारी गराउनुपर्नेछ ।
- गाउँपालिका अध्यक्षले समेत बालयौन वा अन्य दुर्व्यवहार गरेको अवस्थामा गाउँपालिका जो कसैलाई पनि जानकारी गराउनुपर्नेछ त्यसपछिको निर्णायक गाउँपालिकाको वैठक बन्नेछ ।
- बालबालिका माथि भएका यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारका घटनाको बारेमा बालबालिका स्वयमले वा तिनिहरुका सरोकारवालाहरुले सम्बन्धित पदाधिकारी वडा अध्यक्ष तथा गाँउपालिका उपाध्यक्षलाई सोझै भेटेर, फोन मार्फत , चिठि मार्फत वा ईमेल मार्फत जुन सजिलो लाग्दछ त्यहि माध्यमबाट घटनाको बारेमा जानकारी गराउन सकिने छ ।

**(यी सुचना उपलब्ध गराउने सुचनाका श्रोतहरु गोप्य राखिनेछ ।)**

**११) गाउँपालिकाका पदाधिकारी, कर्मचारीहरु र सामाजिक कार्यकर्ताद्धारा बालबालिका माथि यौन दुर्व्यवहारको घटना भएमा र सो घटनाको बारेमा जानकारी हुन आएमा नगरपालिकाले गर्ने कार्बाहीको प्रकृति :**

- दोषी व्यक्ति वडापालिका, वा नगरपालिकाको पदाधिकारीहरु वा कर्मचारीहरु र बालअधिकारको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैहसरकारी निकायका कार्यकर्ताहरु भएमा दुर्व्यवहारको प्रकृति र गम्भीरता हेरेर निज दोषिलाई पदिय जिम्मेवारीवाट बरखास्तसम्म गर्न सकिनेछ ।
- दोषि व्यक्ति गाँउपालिकाको पदाधिकारी तथा वडापालिकाका सदस्यहरु भएमा गाउँपालिकाको बैठक बोलाएर निजलाई स्पष्टिकरण सोधिने छ र कानुनी कारवाहीका लागि गाउँपालिका स्वयमले प्रक्रिया अगाडी बढाउने छ।
- माथि उल्लेखित दुबै प्रकृतिका व्यक्तिहरुलाई देशको प्रचलित कानुन बमोजिम कार्बाही अगाडि बढाइने छ
- गाउँपालिकामा काम गर्ने सरकारी तथा गैहसरकारी निकायका कर्मचारीको हकमा सम्बन्धित व्यक्तिका बारेमा स्थानिय स्तरदेखि राष्टिय स्तर सम्मका सम्पर्कमा रहेका सबै सरकारी तथा गैरसरकारी संघसस्थाहरुलाई लिखित वा मौखिक जानकारी गराइनेछ ।
- माथि उल्लेख गरिएका सबै प्रकृया पुरा गर्दा बालबालिकाहरुको गोपनियताको अधिकार र पुन : दुर्व्यवहारको संभावना लाई ध्यान दिएर गरिनेछ । अर्थात कुनैपनि प्रकृयालाई कार्यान्वयन गर्दा बालबालिकाहरुलाई अप्ठेरो हुने, असहज हुने र उनिहरुको मान हानी हुने गरि कुनैपनि कृयाकलाप वा व्यवहार गरिने छैन र उनिहरुको इच्छा विपरित कुनैपनि सुचना वाहिर प्रकाशन गर्ने, संचारमा ल्याउने वा कुनैपनि श्रोतलाई जानकारी उपलब्ध गराउने काम गरिनेछैन ।

**१२) सानीभेरी गाउँपालिका भित्र बालयौन दुर्व्यवहार वा अन्य खाले दुर्व्यवहारको घटना घटेमा :**



नरबहादुर पुन
अध्यक्ष

दुर्व्यवहारबाट प्रभावित बालक अथवा बालिकाले आफै सुचना दिन चाहेमा अथवा बालक्लव, बालसंरक्षण समिति , विद्यालय बालसंरक्षण समिति , गाउ बालसंरक्षण समिति , युवा समुह वा संजाल , अभिभावक वा समुदायका कुनैपनि व्यक्ति वा संरचनाले सुचना दिन चाहेमा :

- सोझै वडापालिकाको कार्यालय वा गाउँपालिकाको कार्यालयमा जानकारी दिन सक्नेछन । यसका लागि उनिहरुले आफुहरुलाई सजिलो लाग्ने संचारको माध्यम प्रयोग गर्न सक्नेछन ।
- गाउँपालिकाकाका पदाधिकारीहरु, कर्मचारीहरु तथा अन्य सरकारी तथा गैहसरकारी निकायका कर्मचारीहरुएवं पदाधिकारीहरुले बालदुर्व्यवहारको घटना बारे जानकारी पाए पछि तत्काल गाउँपालिका अध्यक्षलाई जानकारी गराउने छन ।
- गाउँपालिकाका न्यायियिक समितिका संयोजक एवं गाउँपालिका उपाध्यक्षले सामुदायिक संरचनाहरुसंगको सहयोगमा घटनाको छानविन गरि आवश्यक कार्वाहीका लागि प्रकृया अगाडि बढाउनेछन ।
- समुदायको व्यक्ति बालदुर्व्यवहारमा संलग्न भएको अवस्थामा वडा तथा गाउँपालिकाले यस बालसंरक्षण नीतिको प्रयोग गरी उपयुक्त कार्बाहीको प्रकृया अगाडि बढाउने छ ।
- घटना र उक्त घटनामा संलग्न व्यक्ति दोषि ठहर भईसकेपछि गाउँपालिकाले बालबालिकाहरुको उच्चतम हितलाई सर्वोपरी ठानी यस बाल संरक्षण निती बमोजिम उपयुक्त कार्बाही प्रकृया अगाडी बढाउने छ र प्रभावित बालबालिकाहरुको कानुनी तथा सामाजिक न्यायका लागी सहयोग गर्नेछ ।

**१३) गोपनियता :**

यस नीति अर्न्तगत व्यवहार गरिने सम्पुर्ण कुराहरुमा गोपनियताको कदर गरिनु आवश्यक छ । कुनै परिस्थितिमा गोपनियता भएन भने बालबालिकाको जीवनमा नकरात्मक प्रभाव पर्न सक्छ, फेरी यस प्रकृयामा सम्बद्ध वयस्कहरुका लागि त्यसमा गम्भीर परिणाम निस्कन सक्छ ।

सम्भावित दुर्व्यवहारबारे सवाल उठाउदा तथा समस्याहरुबारे काम गर्दा, गाउँपालिकाका सवै पदाधिकारीहरुले अन्य व्यक्तिहरुले सुचनाको रक्षा गर्ने कुरामा अत्याधिक सावधानी अपनाउनु पर्छ र त्यस्ता सुचना यस नीतिमा वर्णन गरिएको प्रतिवेदन प्रकृयाद्धारा यसबारे जानकारी जसले पाउनुपर्ने हो त्यो व्यक्तिसम्म मात्र पुराउनुपर्छ । त्यस्तो सुचनालाई अनावश्यक रुपमा सार्वजनिक गर्नुहुदैन ।

**सानिभेरी गाउँपालिका** सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार योग गरी **सानिभेरी** गाउँ कार्यपालिकाले सानीभेरी बाल संरक्षण नीति २०७४ वनाएकोले गाउँपालकिा अध्यक्ष श्री नर वहादुर पुन बाट प्रमाणीकरण गरिएकोछ।

नरबहादुर पुन
अध्यक्ष

नाम :नर बहादुर पुन
पद :गाँउपालिका अध्यक्ष
मिति :२०७४/१२ /२५



नरबहादुर पुन
अध्यक्ष